"राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार गरिएको

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार)

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१. | मा. डा. वेदुराम भुसाल, मा. जयन्ती देवी राई, मा. मदन कुमारी शाह (गरिमा), मा. उदय बहादुर बोहरा, मा. गोमादेवी तिमल्सिना, मा. राजेन्द्र लक्ष्मी गैरे, मा. सावित्री मल्ल र मा. घनश्याम रिजाल | ०२. | मा. भगवती न्यौपाने, मा. गोपाल भट्टराई, मा. सुमित्रा वि.सी., मा. रुक्मिणी कोइराला र मा. इन्दिरा देवी गौतम |
| ०३. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ०४. | मा. सुरेश कुमार आलेमगर, मा. तारामान स्वाँर, मा. माया प्रसाद शर्मा, मा. राधेश्याम पासवान, मा. श्रीकृष्ण प्रसाद अधिकारी, मा. रेनु चन्द, मा. विष्णु बहादुर विश्वकर्मा, मा. गंगा कुमारी वेल्वासे, मा. गोपी बहादुर सार्की आछामी र मा. जग प्रसाद शर्मा |
| ०५. | मा. कृष्ण बहादुर रोकाय | | |

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | २ | | | | मूल ऐनको दफा (२) मा "चेक अनादर" शब्दलाई परिभाषित गर्न खण्ड थप्ने गरी उपदफा थप्नु पर्ने। |
| २. | मा. भगवती न्यौपाने सहितका माननीय सदस्यहरू | २ | | | | मूल ऐनको दफा (२) मा देहायका शब्द तथा शब्दहरूलाई परिभाषित गर्न खण्डहरू थप्ने गरी उपदफा थप्नु पर्ने।<br>• हक<br>• दायित्व<br>• चेकको रूपमा प्रयोग हुने डिजिटल विनियम माध्यम |
| ३. | मा. कृष्ण बहादुर रोकाय | २ | (२) | | | उपदफा (२) मा रहेका "खण्ड (ट) र (ठ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (ट), (ठ), (ड) र (ढ)" भन्ने शब्दहरू राखी थप्न प्रस्ताव गरिएका खण्डहरूपछि देहायका खण्ड (ड) र (ढ) थप्नु पर्नेः-<br>"(ड) "हक" भन्नाले धारकले खातावालालाई कुनै सेवा, वस्तु वा अन्य लाभ प्रदान गरे वापत सिर्जित हुने अधिकार सम्झनुपर्छ।<br>(ढ) "दायित्व" भन्नाले खातावालाले धारकबाट कुनै सेवा, वस्तु वा अन्य लाभ प्राप्त गरे बापत सिर्जित जिम्मेवारी सम्झनुपर्छ।" |
| ४. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ४ | | | | मूल ऐनमा थप्न प्रस्ताव गरिएको दफा ३क. को उपदफा (३) मा रहेका "बढीमा तीस दिनको" भन्ने शब्दहरूको सट्टा "बढीमा पैंतालिस दिनको" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ५. | मा. भगवती न्यौपाने सहितका माननीय सदस्यहरू र मा. कृष्णबहादुर रोकाय | ४ | | | | मूल ऐनमा थप्न प्रस्ताव गरिएको दफा ३क. को उपदफा (७) मा रहेका "नेपाल सरकारको अर्थ मन्त्रालयको परामर्शमा" भन्ने शब्दहरू झिक्नु पर्ने। |
| ६. | मा. भगवती न्यौपाने सहितका माननीय सदस्यहरू | ४ | | | | "दफा ३क." भन्ने शब्दहरूको सट्टा "दफा ३क. र ३ख." भन्ने शब्दहरू राखी थप्न प्रस्ताव गरिएको दफा ३क. पछि देहायको दफा ३ख. थप्नु पर्नेः-<br>"३ख. **डिजिटल माध्यमबाट चोरी गर्न नहुने**ः (१) बैङ्क खातामा रकम मौज्दात भएको थाहा पाई पिनकोड वा ओटिपी (वन टाइम पासवर्ड) पत्ता लगाई कसैले पनि रकम झिक्नु हुदैन।<br>(२) उपदफा (१) बमोजिम रकम झिक्न खोजेमा बैङ्कले खातावालाको मोवाइल नम्बरमा उक्त कारोवार गर्न खोज्ने व्यक्ति सम्वन्धित खातावाला हो, होइन भन्ने यकिन गर्न अलर्ट म्यासेज आउने व्यवस्था गर्नु पर्नेछ।" |
| ७. | मा. पदम बहादुर परियार र मा. विष्णु कुमारी सापकोटा | ४ | | | | मूल ऐनमा थप्न प्रस्ताव गरिएको दफा ३क. को उपदफा (१) मा "खातावालाले निश्चित समयावधिभित्र खातामा रकम रहने सुनिश्चित गरी कारोबार अवधिभन्दा अगाडिको मितिमा चेक जारी गर्न पाउने" व्यवस्था थप्नु पर्ने। |
| ८. | मा. डा. बेदुराम भुसाल सहितका मा. सदस्यहरू | ७ | (१) | | | मूल ऐनको दफा १५ मा थप्न प्रस्ताव गरिएको उपदफा (१क) मा रहेका "बिगोको पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "बिगोको तीन प्रतिशत" भन्ने शब्दहरू राखु पर्ने। |
| ९. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | ७ | | | | • दण्ड सजाय निर्धारण गर्दा कसुर नियतबस गरिएको वा अन्जानमा हुन गएको भन्ने छुट्याई निर्धारण गर्नु पर्ने। |

| क.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | |
| | | | | | | • कसुरको अनुपातमा दण्ड सजायँ कठोर भएकोले कम सजायको व्यवस्था गर्नु पर्ने। |
| १०. | मा. सुरेश कुमार आलेमगर सहितका मा. सदस्यहरू | | | | | विधेयकमा डिजिटल बैंङ्किङ्का सम्बन्धमा व्यवस्था गर्नु पर्ने। |

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ देखि १० सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

(नारायण प्रसाद दाहाल)
अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।११।२३